# विधेयकमा संशोधनको सूचना

(प्रतिनिति सभा नियमावली, २०७५ को नियम १११ सँग सम्बन्धित)

श्री सचिव,

प्रतिनिधि सभा, नेपाल

म प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १११ बमोजिम नियम ११२ को उपनियम (१) को शर्तका अधीनमा रही देहायको विधेयकमा देहाय बमोजिमको संशोधन पेश गर्न चाहन्छु ।

**विधेयकको नाम : संबैधानिक परिषद (काम, कर्तब्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ लाई संसोधन गर्न बनेको विधेयकलाई संसोधन**

| | विधेयकको | | | | शंशोधनको व्यहोरा | | |
|---|---|---|---|---|---|---|---|
| **क्र.स.** | **दफा** | **उप दफा** | **खण्ड** | **उप खण्ड** | **हालको व्यवस्था** | **प्रस्तावित संशोधन** | **संसोधन गर्न पर्ने कारण** |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | २ | | | | "…..६(१) परिषद्को बैठक सम्बन्धी कार्यविधिः परिषद्को बैठक आवश्यकता अनुसार अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।….." | संवैधानिक परिषद् (काम कर्तवय, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ लाई संशोधन गर्न बनेको विधेयक को दफा ६ को सट्टा देहायको दफा ६ राखिएको छः<br>"६(१) परिषद्को बैठक सम्बन्धी कार्यविधिः कुनै संवैधानिक निकायमा पदाधिकारी पदरिक्त हुनलागेमा वा भएमा संसदिय सुनुवाइ समितिले परिषद्को बैठकको लागि तालिका बनाउनेछ र सोहि अनुसार बैठक बस्नु पर्नेछ ।<br><br>(क) मन्त्रीपरिषदको कार्यालयले संविधानको धारा २८४ (३) अनुसार नियुक्तिको सिफारिस गर्नु भन्दा कम्तिमा ६ महिना पहिले नियुक्ति गर्नु पर्ने रिक्त रहेका संबैधानिक पदहरुको सूचि र छनौट गर्ने उत्कृष्टताको आधार खुलाई छनौट प्रक्रिया समेत निर्धारण गरि सूचना प्रकाशित गर्नु पर्ने छ।<br>(ख) उत्कृष्ट उम्मेदवार छनौटको लागि संसदिय सुनुवाइ समितिले हरेक निकायको लागि ५ जनाको एक विज्ञ समिति गठन गर्नुपर्ने छ र परिषद्ले नियुक्ति गर्नुपर्ने पदाधिकारीको उत्कृष्टताको मापदण्ड र मूल्याङ्कन आधार सम्बन्धी कार्यविधि समेत सो समितिले तय गर्ने छ । विज्ञ समितिले अधिकतम दुई महिनामा कम्तीमा ६ वटा उम्मेदवारहरूको नाम सिफारिस गर्नुपर्नेछ।<br>(ग) उपदफा (ख) बमोजिम तय गरिएको मापदण्ड र मूल्याङ्कन आधार बमोजिम विज्ञ समितिले उत्कृष्ट उम्मेदवारहरुको छनोट गरि एक सूची बनाई परिषद्लाई दिनेछ ।<br>(घ) उपदफा (ग) बमोजिम तयार गरिएको सूचीका उम्मेदवारहरूको अन्तर्वार्ता परिषद्ले लिनेछ र प्रत्येक परिषद सदस्यले अन्तर्वार्ताका आधारमा उम्मेदवारहरूको श्रेणी निर्धारण गर्नेछ। औसत दर्जा सबै उम्मेद्वारहरू श्रेणीकरण गर्न प्रयोग गरिनेछ।<br>(ङ) उपदफा (घ) बमोजिम गरेको श्रेणीकरणबाट उम्मेदवारहरुको अंक बराबर भएमा, पहिलो बैठकमा परिषद्ले सर्वसम्मत निर्णय गर्नुपर्ने छ र गर्न असफल भएमा, २/३ द्वारा पारित गर्नुपर्छ। यदि पारिषद्ले निर्णय गर्न नसकेमा सबै बराबरीका उम्मेदवारलाई अन्तिम निर्णयका लागि संसदीय सुनुवाइका लागि पठाइनेछ ।<br>(च) यदि कुनै पदाधिकारीको मृत्यु भएमा वा कसैले राजीनामा दिएमा, वा अरु कुनै कारणले गर्दा पद रिक्तिएमा (ख) बमोजिम विज्ञ समिति तुरुन्तै गठन गरी संबैधानिक पदहरुको सुची र छनौट गर्ने उत्कृष्टताको आधार खुलाई छनौट प्रक्रिया समेत निर्धारण गरि सूचना प्रकाशित गर्नु पर्ने छ र त्यसपछिको प्रक्रिया (ग), (घ) र (ङ) बमोजिम हुनेछ।सको लागि अधिकतम दुई महिनाको समय विज्ञ टोलीलाई उम्मेद्वारहरु छान्नको लागि र त्यसपछि एक महिनाको तालिका बनाएर संवैधानिक परिषद्ले निर्णय गरी संसदीय सुनुवाई परिषद्मा पठाउनु पर्नेछ।<br><br>(२) संसदिय सुनुवाइ समितिले प्रकाशन गरेको तालिका अनुसार सचिव परिषद्को बैठक बस्ने समय, मिति र स्थान तथा छलफलको विषय सूची सहितको सूचना बैठक बस्नुभन्दा कम्तीमा अठ्चालिस घण्टा अगावै सदस्यहरुलाई पुन जानकरी पठाउनु पर्नेछ। यसरी ६ महिना अगाडि समय, मिति र स्थान तोकिएको बैठकमा सबै सदस्यहरु उपस्थित हुनुपर्नेछ।देशमा आपतकालीन अवस्था बाहेक अन्य कुनै कारण मान्य हुने छैन। सो आपतकालीन अवस्था अन्त्य भएको एक हप्ता पछि स्वतः बैठकको तालिका रहनेछ।<br><br>(३) परिषद्को बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ। यदी अध्यक्ष अनुपस्थित भएमा, उमेरका हिसाबले सबैभन्दा ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछन्।<br><br>(४) परिषद्को बैठकमा छलफलको विषय सूचीमा रहेको विषयको अतिरिक्त कुनै सदस्यले अन्य कुनै विषयमा छलफल गराउन चाहेमा अध्यक्षको अनुमति लिई त्यसरी छलफल गर्न चाहेको विषयमा बैठकमा प्रस्ताव राख्न सक्नेछ।<br><br>(५) परिषद्को बैठकमा बहाल रहेका सबै सदस्य उपस्थित हुनु पर्नेछ।<br><br>(क) परिषद्को बैठकमा तत्काल बहाल रहेका सबै सदस्य उपस्थित भएमा परिषद् बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।<br>(ख) संबैधानिक परिषदका सदस्यलाइ काबु बाहिरको चरम परिस्थिति र संकट कालिन अवस्था परेको मनासिव कारण रहेकोमा बाहेक पूर्वनिर्धारित बैठकमा लगातार दुईपटक भन्दा बढी अनुपस्थिति हुने सुबिधा प्राप्त हुने छैन।<br><br>(६) परिषद्को बैठकमा पेश भएको प्रत्येक विषयको निर्णय सर्वसम्मतको आधारमा हुनेछ।<br><br>(७)<br>(क) पहिलो पटक उपदफा २ बमोजिम तालिकाले तोकेको बैठकमा परिषद्का सबै सदस्यहरु उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।<br>(ख) पहिलो पटक सर्वसम्मति कायम हुन नसकेमा सो बैठकका विषय सूचीमा छलफल र निर्णय गर्न दोस्रो पटक तालिकाले तोकेको बैठकमा प्रधानमन्त्री लगायत परिषद्का कम्तीमा पाँचजना सदस्यहरु र उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।<br>(ग) दोस्रो पटक तालिकाले तोकेको बैठकमा दुई तिहाइ बहुमत नभएर निर्णय हुन नसकेमा तालिकाले तोकेको तेस्रो पटकको बैठकमा परिषद्का कम्तीमा चारजना सदस्यहरु उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।<br>(घ) तेस्रो पटक तालिकाले तोकेको बैठकमा पनि दुई तिहाइ बहुमत नभएर निर्णय हुन नसकेमा तालिकाले तोकेको अन्तिम पटकको बैठकमा परिषद्का कम्तीमा तिनजना सदस्यहरु उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।<br><br>(८) उपदफा (७) बमोजिमको बैठकमा अध्यक्ष र कम्तीमा चारजना अन्य सदस्यहरू उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।<br><br>(९) उपदफा (७) बमोजिमको बैठकमा कुनै विषयमा सर्वसम्मतिबाट निर्णय हुन नसकेमा परिषद्का सम्पूर्ण सदस्यको बहुमतबाट निर्णय गरिनेछ। अध्यक्ष बिना पनि बहुमतको निर्णयको कदर गरिनेछ।<br><br>(१०) परिषद्ले गरेको निर्णय अभिलेख सचिवले तयार गरी अध्यक्ष तथा बैठकमा उपस्थित सदस्यहरुको हस्ताक्षर गराई राख्नु पर्नेछ। " | बैठक नियमित नहुँदा अध्यक्षको एकलौटी निर्णय हुने अवस्थाको अन्त्य गर्न र संवैधानिक व्यवस्थाको कार्यान्वयन सुनिश्चितता गर्न, प्रस्तावित बैठकमा उपस्थित हुन् असहज परिस्तिथि सिर्जना भएमा त्यसपछिका क्रमस बैठकहरूको सहज संचालनका लागि, गणपूरकको प्रावधान स्पष्ट उल्लेख गर्नका लागि, "प्रस्तावित बैठकमा उपस्थित हुन् असहज परिस्तिथि सिर्जना भएमा त्यसपछिका क्रमस बैठकहरूको सहज संचालनका लागि, सुरुमै गणपूरक संख्या घटाउँदा सीमित पदाधिकारीले आफूखुसी निर्णय गर्ने खतरा रहने, जुन संवैधानिक परिषद्को मूल मर्म र सहमतिको सिद्धान्तको विपरीत हुने |

(१) नाम, थर: सुमना श्रेष्ठ दस्तखत: क्र. स.: मिति २०७९ - १२ - १५